**वार्षिक आयको विवरण :**

**आय अनुमान तर्फ :**

- ✓ मिति २०७४ साल जेठ १५ गते व्यवस्थापिका संसदमा संघीय सरकारका अर्थमन्त्रीले पेश गरेको बजेटमा आ.व. २०७४/०७५ मा यस गाउँपालिकाका लाग नेपाल सरकारले प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको हिस्सा बापत् रु. १६ करोड ११ लाख ६३ हजार प्राप्त हुनेछ। सोही बजेट वक्तव्यमा घोषणा भए अनुसार रु. ६ करोड ७ लाख ६५ हजार सशर्त अनुदानको रुपमा प्राप्त हुनेछ।
- ✓ गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले रु. १० लाख आन्तरिक आम्दानी हुने अनुमान गरेको छ।
- ✓ गाउँ कार्यपालिकाको कार्यालयको सञ्चित कोष खाता र वडा कार्यालयहरुको खातामा गत वर्षको जम्मा अ. ल्या. रकम रु. ५१ लाख ४६ हजार २११ रहेको छ।
- ✓ स्थानीय शासन सामुदायिक विकास कार्यक्रम मार्फत रु. १० लाख ६ हजार र बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि रु. ११ लाख ७५ हजार सशर्त अनुदानको रुपमा प्राप्त हुनेछ।
- ✓ यसरी रुपनी गाउँपालिकाको कुल वार्षिक आय रु. २३ करोड ३ लाख ९ हजार २११ हुने अनुमान गरिएको छ।

## आय

| | |
|---|---|
| • आन्तरिक राजस्व | १००००००० |
| • वित्तीय समानीकरण | १६११६३००० |
| • सशर्त अनुदान | ६०७६५००० |
| • अल्या | ५१४६२११ |
| • बहुक्षंत्रीय पोषण कार्यक्रम | ११७५००० |
| • स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १०६०००० |
| **जम्मा** | **२३०३०९२११** |

अन्त्यमा, गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट जनसाधारणले अपेक्षा गरेको समयभन्दा केही ढिलो गरी प्रस्तुत भएको तथ्यलाई हामीले गम्भीर रुपले हृदयङ्गम गरेका छौं र स्थानीय तह आफैंमा नवीन तथा ऐतिहासिक संरचना भएको तथ्यलाई दृष्टिगत गरी आवश्यक कानुनी तथा नीतिगत ज्ञानको अभाव एवं अन्योलता जस्ता कारणले गर्दा यो कार्य ढिलो हुन गएको हो भन्ने कुरा बुझिदिनुहुनेछ र जनतालाई पनि यही ढंगले बुझाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।जाँदाजाँदै, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कार्यमा सबै पक्षको साथ, सहयोग र सहभागिताको अपेक्षा राख्दै रुपनी गाउँपालिकाको वार्षिक बजेटको लागि आवश्यक रकम उपलब्ध गराउने नेपाल सरकार, अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने दातृ राष्ट्र तथा निकायहरु, वार्षिक नीति तथा कार्यक्रम बनाउन सहयोग गर्ने गाउँ कार्यपालिकाको सम्पूर्ण परिवार, गाउँ सभा परिवार, विषयगत शाखा तथा समितिहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, बुद्धिजीवीहरु, शिक्षकहरु, उद्योग वाणिज्य संघ लगायत सम्पूर्ण शुभचिन्तकहरु एवं जनताप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद !

## १. बाँडफाँड गरिने रकम

| | |
|---|---|
| • आन्तरिक राजस्व | १०००००० |
| • वित्तीय समानीकरण | १६११६३००० |
| • अल्या | ५१४६२११ |
| **जम्मा** | **१६७३०९२११** |

## २. बाँडफाँड विवरण

| | |
|---|---|
| चालु खर्च | २९६१०००० |
| पूँजीगत | १३७६९९२११ |
| **जम्मा** | **१६७३०९२११** |

## ३. पूँजीगत बाँडफाँड

| | |
|---|---|
| विषयगत कार्यालय लगायत पूँजीगत | ४६१४६५०० |
| वडा पूँजीगत | ६०००००० |
| बाँकी रकम | ३१५५२७११ |
| **जम्मा** | **१३७६९९२११** |